# कोभिड १९ को प्रभावले गरिएको बन्दाबन्दीमा महिला माथि परेको कामको बोझ विश्लेषण गर्नेबारे अनलाइन सर्वेक्षण

# नतिजा सार्वजनिककरण

**१५ जुन, २०२०**


**अनुसन्धानकर्ता**

श्रृष्टि कोलाक्षपती, बिनिता पाण्डे, विन्दु शर्मा, इलावती केसी

**विशेष सहयोग :** लुभराज न्यौपाने, राज्यलक्ष्मी गुरूङ्ग

# विषयवस्तु

क) समस्याको कथन, उद्‌देश्य, अनुसन्धान विधि, सिमितता

ख) मुख्य नतिजाहरू :

(१)उत्तरदाताहरूको जनसांख्यिक  विवरण

(२)विषयवस्तुसँग सम्बन्धित नतिजाको विश्लेषण

(२.१) बन्दाबन्दीमा महिलामा परेको कामको बोझको अवस्था

(२.१.१) महिलाहरू बीच कामको बोझबारेको अन्तर

(२.२) महिला र घरका सदस्यबीच रहेको कामको बोझ

(२.३) बन्दाबन्दीले महिलामा पारेको असर

(३) निष्कर्ष

(४) सुझाव

# समस्याको कथन

- कोभिड १९ को प्रकोप बढेसँगै यस महामारीले मानवजीवनको हरेक पक्षमा प्रभाव पारेको छ, जसमा श्रम संसार पनि एक हो । महिला श्रमिकहरु जो दुवै (निजी र सार्वजनिक)क्षेत्रमा काम गर्नुहुन्छ, उहाँहरुलाई यस महाव्याधिले गर्दा कामको बोझ बढेर सबैभन्दा बढी असर गरेको छ ।
- यस बन्दाबन्दीमा "**घरबाट गरिने कार्यालयको काम**" र "**घरको काम**" लाइ सन्तुलन गर्दा महिलाको काम गर्ने समय बढेको छ ।
- यस महाव्याधीको समयमा यो अनुसन्धानले प्रमाणमा आधारित तथ्यबाट महिलालाइ परेको कामको बोझको बारेमा सुक्ष्म रूपमा अध्ययन गर्न खोजेको छौँ ।



# उद्देश्य

**मुख्य उद्देश्य :** निजी र सार्वजनिक दुवै क्षेत्रमा काम गरिरहेका महिलालाई कोभिड १९ को बन्दाबन्दीले गर्दा कामको बोझमा वृद्धि भएको छ कि छैन भनि वस्तुस्थिति विश्लेषण (Situational Analysis) गर्ने,

- यस अवस्थामा महिलाले गर्ने घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको बोझको अवस्था र यी कामको बाँडफाँडको विश्लेषण गर्ने,
- सेवा मूलक कामका साथै घरबाटै कार्यालयको काम गर्दा महिलालाइ परेको प्रभावको बारेमा विश्लेषण गर्ने,
- महिलाहरुले कामको बोझको बारेमा व्यक्त गरेको सुझावहरूलाइ विश्लेषण गर्ने,
- महिलाको घरेलु काम र पारिश्रमिक बिनाको सेवा मूलक कामको पहिचान र मान्यतालाई स्थापित गर्न चलिरहेको ओरेकको अभियानलाइ सहयोग गर्ने ।

# अनुसन्धान विधि

- अनलाइन प्रश्नावली सर्वेक्षण (३ मिनेट देखि ५ मिनेट), टेलिफोन अन्तरवार्ता,
- गुगल फर्म ,सुविधाजनक नमुना विधि (Convenient sampling ),
- उत्तरदाताको सहमति लिइएको र गोपनियता कायम भएको,
- ८ दिनसम्म उत्तर संकलन गरिएको (३ मे देखि १० मे, २०२०),
- गगुल फर्म र SPSS बाट संकलित तथ्यांकलाइ विश्लेषण गरिएको,
- **<u>उत्तरदाताहरू :</u>**
  - ३१७, २९ जिल्ला र ७ प्रदेश
  - औसत उमेर समूह : २१ देखि ३५ वर्ष

# सिमितता


## विषयगत


- यस अध्ययनले महिलाहरू कार्यरत सबै क्षेत्रलाइ समेटेको छैन । यसले केवल घर बाहिर कार्यालयमा काम गर्ने र घरभित्र काम गर्ने महिलाको कामको बोझलाइ मात्र लक्षित गरेको छ ।
- बन्दाबन्दीको समयमा महिलाको कामको बोझमा परेको प्रभावलाइ मात्र अनुसन्धान र विश्लेषण गरेको ।


## तथ्यांक संकलन विधि


- इन्टरनेट पहुँच नभएका महिलाहरूसम्म पुग्न नसकेको ।
- अनुसन्धानकर्ता र प्रत्यक्ष उत्तरदाता सम्मिलित भएको अवस्था हुँदैन । दोहोरो संवादको अभाव रहेको ।
- उत्तरदातामा समूहगत पूर्वाग्रहको र फोन अन्तवार्तामा अनुसन्धानकर्ताको व्यक्तिगत पूर्वाग्रहको संभावना हुन सक्ने ।


# १.उत्तरदाताहरूको जनसांख्यिक विवरण (Demographic Details)



Current Residing District
Number
100
75
50
25
0
1
7
8
1
12
6
24
1
1
17
1
99
3
34
12
16
1
3
2
1
1
1
1
3
13
8
17
16
1
6
Banke
Bardiya
Bhaktapur
Chitwan
Dang
Dhading
Dhanusha
District
Jumla
Kailali
Kaski
Kathmandu
Kavre
Lalitpur
Mahottari
Morang
Mugu
Nuwakot
Palpa
Parbat
Parsa
Rautahat
Rupandehi
Saptari
Sarlahi
Sindhuli
Siraha
Sunsari
Surkhet
Udayapur



Caste / Ethnicity
Indigenous
Chettri
Brahmin
Others
Dalit
30.0%
21.5%
31.2%
11.0%
6.3%


Marital Status
Married
Unmarried
Divorced
Widow
73.8%
21.8%


Family Type
Nuclear
Joint
128 (40.4%)
189 (59.6%)



Children
No
Yes
8 (22.2%)
28 (77.8%)


Occupation
173
10
24
30
34
16
7
18
NGOs
UN and foreign
IT professionals
Government official
Other
Teaching
Health professionals (Counselling)
Politicians
Journalist (Radio, Television, online media, column writer, etc.)



Education
200
150
100
50
0
159
91
47
13
7
Post graduate
Under Graduate
High School
SLC/SEE
Below SLC/SEE
Education of respondents

# २.विषयवस्तुसँग सम्बन्धित नतिजाको वस्तुस्थिति विश्लेषण (Situational Analysis)


# २.१ बन्दाबन्दीमा महिलामा परेको कामको बोझको अवस्था





४५.७% महिलाहरुले “घरको काम” यस बन्दाबन्दीको समयमा चुनौतीपूर्ण भएको




४७% उत्तरदाता हरुले उहाँहरूको “घरबाट गर्ने कार्यालयको काम” पहिला भन्दा बढेको




६४.६६% (२०५)उत्तरदाताहरुले “**घरको काम**” र “**घरबाट गरिरहेको कार्यालयको काम**” बीच सन्तुलन ल्याउन चुनौती रहेको (चुनौति रहेको तथा केही हदसम्म रहेको)





७९.५% उत्तरदाताहरुले आफूले गर्ने कामको समय एकदेखि चार घण्टा भन्दा बढी बढेको

# २.१.१ वैवाहिक अवस्थाको आधारमा महिलाहरू बीचमा रहेको कामको बोझबारे रहेको अन्तर

| Analysis on Burden of Work according to marital Status of women | | | | | |
|---|---|---|---|---|---|
| | | Unmarried | | Married | |
| | | Count | % | Count | % |
| Work from home | Same | 35 | 50.70% | 128 | 54.70% |
| | Extended | 34 | 49.30% | 106 | 45.30% |
| Work for home | Not involved | 15 | 21.70% | 18 | 7.70% |
| | Similar | 28 | 40.60% | 79 | 33.80% |
| | Easier | 4 | 5.80% | 20 | 8.50% |
| | Challenging | 22 | 31.90% | 117 | 50.00% |
| Challenges on Balancing both | Yes | 10 | 14.50% | 72 | 30.80% |
| | To some extent | 23 | 33.30% | 90 | 38.50% |
| | No | 35 | 50.70% | 68 | 29.10% |
| | I don't know | 1 | 1.40% | 4 | 1.70% |


- "**घरबाट गर्ने कार्यालयको काम**"को **समय बढेको** भन्नेमा अविवाहित महिलाहरुको प्रतिशत विवाहित महिला **भन्दा बढी देखिन्छ ।**(४९.३०% > ४५.३%)
- "**घरको काम**" चुनौतिपूर्ण रहेको भन्नेमा तुलनात्मक रूपमा विवाहित महिलाको प्रतिशत धेरै देखिन्छ । (५०% > ३१.९%)
- "**घरको काम सँगसँगै कार्यालयको काम**" सम्पन्न गर्न तुलनात्मक रुपमा विवाहित महिलालाइ अविवाहित महिलाभन्दा **धेरै कठिनाइ/चुनौती रहेको** (६९.३% > ४७.८%) देखिन्छ ।

# २.२ महिला र अन्य घरका सदस्यबीच रहेको कामको बोझ





८% (३२) उत्तरदाताहरुले घरका कुनैपनि सदस्यहरुबाट घरको काम गर्न मद्दत पाउनुभएको छैन

घरका अन्य सदस्यहरूमा महिलालाई सबैभन्दा बढी श्रीमानेले नै सहयोग गरेको देखिन्छ




२३४ विवाहित उत्तरदाताहरुमा १५६ (६६.६६%)ले मात्र “घरको काम”मा आफ्नो श्रीमानबाट मद्दत लिने गर्नुभएको छ ।

- यसले यो देखाउँछ कि बाँकी एक तिहाइ महिलाहरुलाइ घरेलु काम तथा पारिश्रमिक बिनाको सेवामूलक काम गर्दा श्रीमान बाहेक अन्य घरपरिवारका सदस्यको मद्दत लिनुपर्ने वा सबै काम आफैँ गर्नुपर्ने अवस्था रहेको छ ।





बन्दाबन्दीमा कामको बोझ बढेको वा केही बढेको भन्नेमा तुलनात्मक रूपमा महिलाहरु को संख्या धेरै देखिन्छ


कामको बोझ नबढेको भन्नेमा तुलनात्मक रूपमा घरका अन्य सदस्य को संख्या धेरै देखिन्छ ।

# २.३ बन्दाबन्दीले महिलालाइ पारेको असर

**बहुउत्तर (९ ओटा)**

- **४६.०५%** (१४६)उत्तरदाताहरुले बन्दाबन्दीको समयमा **धेरै काम एकैचोटी** गर्नुपर्ने हुँदा कामको बोझ बढेको बताउनुभएको छ ।
- त्यस्तै, **३०.२८%** (९६) उत्तरदाता हरुले आफूमा **मानसिक तनाव बढेको** बताउनु भएको छ । यस्तै **घरका सदस्यहरुले** बन्दाबन्दीको समयमा घरधन्दा का **सम्पूर्ण कामहरु उहाँहरु** बाट **सम्पन्न** गर्नुपर्ने **आशा** राखेको बताउनुभएको छ ।
- त्यस्तै **३.९४ (११) जना** उत्तरदाता हरुले यस बन्दा बन्दीको समयमा **आफूलाई हिंसा गर्ने व्यक्तिसँग** पूरा समय बिताउनु परेको उल्लेख गर्नुभएको छ








**८२%** (२६०) ले केही **राम्रो अनुभव महसुस** गर्नुभएको छ भने **१३.२ %** (४२) ले **केही पनि राम्रो** महसुस गर्नुभएको छैन

**बहुउत्तर (८ओटा)**

- **५९.६२%** (१८९)उत्तर दाताहरुले कोभिड १९ बाट **सुरक्षित** रहेको बताउनुभएको छ ।
- यसपछि **४९.२१%** (१५६)ले कामको लागि **यात्रा गर्नु नपरेको** राम्रो पक्ष रहेको बताउनुभएको छ । त्यस्तै **कार्यालयको काम आफ्नो हिसाबले** गर्न पाउनु अर्को राम्रो पक्ष भएको
- **२१.४५%(६८)** ले **मात्र "घरको काम"** र **"घरबाट गरिरहेको कार्यालयको काम"** सन्तुलित भएको देखिन्छ ।



# बन्दाबन्दीले महिलाको स्वास्थ्यमा पारेको थप समस्या




**थप स्वास्थ्य समस्यामा**

- <u>सबै भन्दा बढी</u> **३७.५३% मानसिक तथा मनोवैज्ञानिक स्वास्थ्य समस्या देखिन्छ ।**
- यसपछि **शारीरिक स्वास्थ्य ३०.९५%**र **यौन तथा प्रजनन स्वास्थ्य समस्या ७.५७%** रहेका छन् ।


# ३. निष्कर्ष

- नेपाली **घर परिवारमा घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको बराबर बाँडफाँड रहेको छैन** र यो **बोझ स्वतः धेरै मात्रामा महिलाले** व्यहोरेका छन् ।
- नेपालमा **पितृसत्तात्मक समाज** भएकोले घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामको अधिकांश **जिम्मेवारी महिलामा** रहेको छ । यस **बन्दाबन्दीको** समयमा **महिलाहरूमा अन्य घर परिवारको सदस्य** भन्दा **बढी कामको बोझ** देखिन्छ ।
- "**घरको काम**" को **बोझको मात्रा** महिलाको **वैवाहिक स्थिति** अनुसार पनि फरक रहेको पाइयो । समग्रमा, **विवाहित महिलाहरूमा अविवाहित भन्दा** "**घरको काम**"को बोझ धेरै रहेको देखिन्छ ।
- महिलाहरूले बन्दाबन्दीमा **दुवै क्षेत्रको काम सकाउन एकै समयमा धेरै काम** गर्ने गरेको (**multitasking** as coping mechanism) पाइयो । यसकारणले महिलाहरूमा अहिले तुलनात्मक रूपमा **मानसिक तनाव बढेको** र उनीहरूको **मानसिक स्वास्थमा थप समस्या** परेको देखिन्छ ।

# ४. सुझावहरू

## Suggested interventions for further advocacy

**बहुउत्तर ६ ओटा**



**१. पुर्नवितरण** : परिवारका **अन्य सदस्य पनि घरेलु काम** र पारिश्रमिक बिनाको सेवामूलक काममा उत्तिकै **अग्रसर** हुनुपर्छ । (८८.३०%)

**२. पहिचान** : घरपरिवारका **सदस्य, समुदाय, राज्य, गैह्र सरकारी निकायहरुले** महिलाको कामको तथा बिना पारिश्रमिक गरिने सेवामूलक कामको **पहिचान, मूल्यांकन र सम्मान गर्नुपर्छ** । (८२.०१%)

**३. बहस र पैरवी** : सेवामूलक काम र लैगिंक भूमिकाको बारेमा रहेको सामाजिक सोचमा सकरात्क परिवर्तन भै समान सहभागिता हुनुपर्छ भनि बहस पैरवी गर्ने । (७२.८७%)

**४. कानुन कार्यान्वयन :** सेवामूलक काम गर्ने व्यक्तिहरुलाई कानुनले विशेष व्यवस्था (सामाजिक सुरक्षाको व्यवस्था) गर्ने र कानुनको पूर्ण कार्यान्वयन हुनुपर्छ । (६७.१%)

**५. काम घटाउने**: महिलाहरुको बाहुल्यता रहेको सेवामूलक काम लाई सजिलो बनाउन पर्याप्त संरचना तथा मेसिनहरु उपलब्ध गराउने, जस्तै : लुगा धुने मेसिन, ब्लेन्डर, ग्यासचुल्हो, सफा पिउने पानिको सहज पहुच, फ्रिज, आदि । (६०.८८%)

**६. अन्य :** जस्तै, बच्चाहरूलाइ सानै देखि घरको काम र आफ्नो काम गर्न सिकाउनुपर्ने, आदि । (४.४१%)

- उत्तरदाताहरूले पनि 3R मध्यको 2R लाइ मुख्यतया जोड दिनुभएको देखिन्छ । पहिचान, पुर्नवितरण - जसमा ओरेकले पहिले देखि नै बहस र पैरवी गर्दै आएको छ ।
- यसका साथै समाज तथा घरपरिवारमा रहेको **लैगिंक भूमिका परिवर्तन** र कानुन तथा नितीहरू **महिला मैत्री बनाउनु पर्ने र भैरहेका राम्रा कानुन र निति कार्यान्वयनमा** ल्याउनुपर्ने जरूरी देखिन्छ ।

# ओरेकको थप सुझावहरू

- **पहिचान :** महिलाले गर्ने घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामलाइ राष्ट्रिय कूल ग्राहस्थ उत्पादनमा सामेल गर्नुपर्ने,
- घरेलु काम र पारिश्रमिक बिनाको सेवामूलक कामका बारे समाजमा रहेको लैगिंक भूमिकाको बारेमा आम जनमानसको शोच परिवर्तन ल्याउन **बहस र पैरवीमा निरन्तरता** दिइरहनुपर्ने,
- **पुनर्वितरण :** विवाहित महिलाको हकमा कामको बोझ कम गर्न श्रीमानको भूमिका अहम् रहेको पाइयो । (६६.६६%) Husband is the entry point on sharing the workload at home)यसलाइ प्रोत्साहन दिइ घरको सबै सदस्यहरूलाइ घरको काममा बराबर जिम्मेवार बनाउन आवश्यक देखिन्छ ।
- **काम कम गर्ने**: महिलाहरूले पारिश्रमिक बिनाको सेवामूलक गर्ने **कामलाइ घटाउन विवध सेवाहरू** सरकारी, गैह्र सरकारी वा निजी क्षेत्रले पनि सेवा प्रवाह गर्न सक्ने जस्तै **Child care centre खोल्ने, बजेटमा महिलाको काम कम गराउने साधनहरूमा छुट दिने वा सहज उपलब्ध गराउने, जस्तै ग्यास चुल्हो ।**
- **कानुन र नितीहरूले** महिलाले गर्ने घरको **काम र** पारिश्रमिक बिनाको सेवामूलक कामलाइ **मूल्यांकन गर्नुपर्ने र मान्यता दिनुपर्ने** आवश्यकता रहेको

# महिलाको कामको सम्मान गरौं!